# कुशे गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थापु मामा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०८१।०८२
चलानी नम्बर :

मिति २०८१।०९।२२

## घाईते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्राप्तिका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना !!!

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय वीरेन्द्रनगर सुर्खेतको च.नं. ४४८,मिति २०८१/०९/१९ गतेको पत्र अनुसार जनयुद्ध,जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाईते व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्न बनेको "घाईते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि २०८१" मा भएको व्यवस्था बमोजिम कागतजात संलग्न गरी उक्त कार्यविधिको अनुसूचि -१ बमोजिम ढाँचामा निवेदन भरी मिति २०८१/१०/१५ गते भित्र यस कार्यालयमा पेश गर्नहुन सरोकारवाला सबैमा यो सूचना प्रशासन गरिन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. द्वन्द्व पीडित घाईते अपाङ्गता भएको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -थान १

२. नेपाल सरकारबाट जारी भएको घाईते अपाङ्गता परिचयपत्रको प्रतिलिपी वा गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पीडित परिचयपत्रको पर्तिलिपी,

३. स्थानीय तहले जारी गरेको अपाङ्गता परिचयपत्रको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस,

४. प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा घाईते वा अपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने कागजात वा सिफारिस,

५. वैक खाता नम्वर खुल्ने कागजात ।

लालभक्त शाही
प्रमुख प्रशासकिय अधिकृत

• E-mail: kusheruralmunicipality@gmail.com

कुशे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शर्पु भामा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

पत्र संख्या : २०८१।०८२

चलानी नम्बर :

मिति २०८१।०९।२२

## सहिद स्मृती भत्ता प्राप्तिका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना !!!

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय वीरेन्द्रनगर सुर्खेतको च.नं. ४४८,मिति २०८१/०९/१९ गतेको पत्र अनुसार सशस्त्र संघर्ष,जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनमा सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृती भत्ता प्रदान गर्न बनेको "सहिद स्मृती भत्ता वितरण कार्यविधि २०८१" मा भएको व्यवस्था बमोजिम कागतजात संलग्न गरी उक्त कार्यविधिको अनुसूचि -१ बमोजिम ढाँचामा मृतक तथा बेपत्ता व्यक्तिका हकवालाले निवेदन भरी मिति २०८१/१०/१५ गते भित्र यस कार्यालयमा पेश गर्नहुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. हकवालाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

२. हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३. सहिद/बेपत्ता पारिएको व्यक्तिको गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वावा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपी,

४. हकवालाको बैक खाता नम्बर खुल्ने कागजात ।

लालभक्त शाही

प्रमुख प्रशासकिय अधिकृत

• E-mail: kusheruralmunicipality@gmail.com

CamScanner